नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
(मालपोत तथा भूमिसुधार शाखा)
बबरमहल, काठमाण्डौ।

फ्याक्स नं. ४२३०५८५
महानिर्देशकः ४२२३०४९
निर्देशक प्रशासनः- ४२२५९८२
निर्देशक योजनाः- ४२२६९८८
क.प्र.शाखाः- ४२६६४९३
आ.प्र.शाखाः- ४२६६४९३
पिए Ext.:- ४२२००२८

पत्र संख्याः- २०७६/०७७/ज.प्र.१६/२/१३२०
चलानी नं.:- १६४५

मितिः- २०७६/१०/२७

विषयः- परिपत्र सम्बन्धमा।

श्री भूमिसुधार तथा मालपोत कार्यालयहरु,सबै ।
श्री मालपोत कार्यालयहरु,सबै ।

उपरोक्त विषयमा नेपाल सरकार प्रदेश सरकार एवम स्थानिय तहका कार्यालय बनाउनका लागि निशुल्क रुपमा जग्गा दाताबाट प्राप्त हुने जग्गाको निर्णय गर्ने प्रयोजनका लागि देहाय बमोजिमको समितिले देहाय बमोजिमका आधारहरु अवलम्बन गरी जिल्ला स्तरमै निर्णय गरी कार्यान्वयन गर्न भनी नेपाल सरकार(माननिय मन्त्रीस्तर) भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट मिति २०७६/१०/२२ मा निर्णय भै प.सं.०७६/०७७(ज.टि.३१४३)३३४ च.नं.११२२ मिति २०७६/१०/२२ को पत्रबाट लेखि आएकोले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी संग समन्वय गरी लेखि आए बमोजिम गर्न गराउन हुन आदेशानुसार अनुरोध छ

**१.समितिको गठन :-**

क. सम्बन्धित जिल्लाको प्रमख जिल्ला अधिकारी- संयोजक
ख. सम्बन्धित मालपोत कार्यालय प्रमुख -सदस्य
ग. सम्बन्धित नापी कार्यालयको प्रमुख-सदस्य
घ. निशुल्क जग्गा प्राप्त हुने क्षेत्रको सम्बन्धित स्थानिय तहको प्रमुख प्रशासकीय अधिकृत-सदस्य
ङ. सम्बन्धित कार्यालयको प्रमुख -सदस्य सचिव

नोट. मालपोत कार्यालय वा नापी कार्यालयको लागि जग्गा प्राप्तहुने भएमा सो कार्यालयमा अधिकृत स्तरको कर्मचारी भए निजले र अधिकृत स्तरको कर्मचारी नभए अन्य वरिष्ठ कर्मचारीले सदस्य सचिवको काम गर्नु पर्नेछ ।

**२.जग्गा प्राप्त गर्नको लागि समितिले लिनु पर्ने आधारहरुः-**

क. नेपाल सरकार वा नेपाल सरकारका कार्यालय, निकायलाई प्राप्त हुने जग्गा उच्चतम रुपमा प्रयोगमा आउन सक्ने प्रकारको हुनु पर्ने र सो जग्गा कार्यालय स्थापनाको लागि प्रदान गरिएको भएमा सेवाग्राहीलाई सहज र सुगम हुने स्थानको हुनु पर्ने ।

ख. जग्गा प्राप्त गर्दा जोखिमयुक्त स्थानको जग्गा विवादित वा झगडा परिरहेको जग्गा, तत्काल रजिष्ट्रेशन र नामसारी नहुने किसिमको जग्गा, प्रयोगमा ल्याउन नसकिने किसिमको जग्गा वा प्रयोगमा ल्याउन कठिन हुने एवं धेरै खर्च लाग्ने जग्गा नलिने ।

ग. दाताले जग्गा प्रदान गर्दा (सरकारी निकायलाई) प्राय जसो भवन निर्माण गर्ने प्रयोजनको लागि दिने भएकोले र सो प्रयोजनको लागि दिईएको हो भने कार्यालय सन्चालन गर्नको लागि भवन निर्माण गर्दा आवश्यक भौतिक पुर्वाधार जस्तै सडक,वत्ति, पानी ,सन्चार, वैंक आदिको सुगमता भएको हुनु पर्ने र कार्यालयको लागि खुला स्थान पार्किङ्ग सुविधा प्राप्त हुने / नहुने हेर्नु पर्ने । सुरक्षाको दृष्टिकोणले उपयुक्त छ छैन? हेर्नु पर्ने ।

घ. जग्गा प्राप्त गर्दा यथासम्भव स्थानिय तह सँग समन्वय गर्ने ।

ङ. कार्यालय स्थापनाको लागि जग्गा प्राप्त गर्दा अन्तर सम्बन्धित कार्यालयहरु (जस्तै नापी -मालोत कार्यालय) स्थापना गर्न सहज हुने, भवन निर्माण गर्न र कार्यालय संचालन गर्न यथेष्ट पुग्ने, भविष्यमा वढन सक्ने कामको चापलाई समेत थेग्न सक्ने प्रकृतिको हुनुपर्ने ।

च. जग्गा प्राप्त गर्दा जग्गा प्राप्त गर्ने कार्यालय, निकायको केन्द्रीय निकायको सहमति र अनुमति प्राप्त गर्ने ।

छ. प्रचलित कानूनले जग्गा दिन, लिन नहुने भनी उल्लेख गरेको जग्गा प्राप्त नगर्ने ।

ज. जग्गा प्राप्त गर्ने विषयमा कुनै द्विविधा उत्पन्न भएमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट प्राप्त निकासा बमोजिम गर्ने ।

२०७६।१०।२६
(कृष्ण प्रसाद जोशी)
शाखा अधिकृत

MLC